# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश
नदिपुर, पोखरा, नेपाल


पत्र संख्याः ०८२।८३

२०८२।०४।०९

**विषयः सेवाकालीन तालिमको मनोनयन फाराम भर्ने सम्बन्धी सूचना !**

यस प्रतिष्ठानद्वारा आर्थिक वर्ष २०८२।८३ मा सञ्चालन गरिने गण्डकी प्रदेश भित्रका संघ, प्रदेश र स्थानीय तहका कार्यालयमा कार्यरत रा.प.अनं. प्रथम तथा द्वितीय श्रेणी (नायव सुब्बा/खरिदार) एवम् सहायकस्तर चौथो तथा पाँचौं र अधिकृतस्तर छैटौं, सातौं तथा आठौं तहका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले ३० कार्यदिने सेवाकालीन तालिमको लागि आवेदन दिने अन्तिम मितिसम्ममा सम्बन्धित श्रेणी/तह/पदमा रा.प.अनं. प्रथम तथा द्वितीय श्रेणी (नायव सुब्बा/खरिदार) एवम् सहायकस्तर चौथो तथा पाँचौं र अधिकृतस्तर छैटौं तहको लागि ३ (तीन ) वर्ष र सातौं तथा आठौं तहको लागि २ (दुई) वर्ष सेवा अवधि पूरा गरेका इच्छुक कर्मचारीलाई सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अनलाईन मार्फत (GPTA TMIS Portal) आवेदन गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**अनलाईन मार्फत आवेदन सम्बन्धी जानकारीहरू:**

१. सम्बन्धित कर्मचारीले यस प्रतिष्ठानको वेबसाइट https://gpta.gandaki.gov.np/np मा भएको TMIS (https://tmis.gpta.org.np) प्रणालीमा गएर आवश्यक विवरण सहित सहभागी दर्ता गर्नुपर्ने छ ।
२. कर्मचारी विवरण दर्ता भएपश्चात TMIS प्रणालीमा लगइन गरी सेवाकालीन तालिम सम्बन्धी आवश्यक विवरण भर्नुपर्ने छ ।
३. सुरु नियुक्ति पत्र, अघिल्लो पदको नियुक्ति पत्र, हालको पदको नियुक्ति पत्र र मनोनयनको लागि सम्बन्धित कार्यालयबाट गरिएको सिफारिस पत्र स्क्यान गरी TMIS प्रणालीमा अनिवार्य अपलोड गर्नुपर्नेछ ।
४. TMIS प्रयोग सम्बन्धी म्यानुअल यस प्रतिष्ठानको website मा उपलब्ध छ ।

**थप जानकारीहरू:**

१. यो सूचनाभन्दा अगाडि यस प्रतिष्ठानमा सेवाकालीन तालिम मननोनयन फाराम भरी सेवाकालीन तालिमको लागि छनौट नभएका इच्छुक कर्मचारीले पनि TMIS प्रणाली मार्फत आवेदन गर्नु पर्नेछ ।
२. कर्मचारीहरुको छनौट सम्बन्धित श्रेणी/तह/पदमा जेष्ठताको आधारमा गरिनेछ ।
३. बढुवा हुने पदको लागि सम्बन्धित श्रेणी/तह/पदमा सेवाकालीन तालिम लिइसकेको भएमा पुन सेवाकालीन तालिममा सहभागी गराइने छैन ।
४. सेवाकालीन तालिममा छनौट भएका प्रशिक्षार्थीहरुको नामावली र तालिम कार्यक्रमको मिति पछि प्रकाशित गरिनेछ ।
५. यस तालिमका सहभागी कर्मचारीलाई सेवाकालीन तालिम अवधिको यातायात खर्च, दैनिक भ्रमण भत्ता र आवास खर्च उपलब्ध गराइने छैन । कार्यक्रम सञ्चालन हुने दिनमा कार्यक्रमबाट खाजाको व्यवस्था गरिनेछ ।
६. अनलाइन आवेदन फाराम बुझाउने अन्तिम मितिः २०८२।०४।२३ गते (राती १२ बजेसम्म)

**सम्पर्कः प्रशासकीय अधिकृत प्रज्वल आचार्य (९८६७६८८४००) र प्रशिक्षण तथा अनुसन्धान अधिकृत मनोज पौडेल (९८४६९४०१८४) इमेलः training.gpta@gandaki.gov.np academy.gandaki@gmail.com, वेबसाइटः http://gpta.gandaki.gov.np**

**सुरेन्द्रबाबु तिवारी**
**कार्यकारी निर्देशक**